जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २० पृष्ठः ४ | २०८३ बैशाख २५ शुक्रबार (Friday 08 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अंग्रेजी माध्यममा पढाइ हुन थालेपछि भरिँदै सामुदायिक विद्यालय



**शम्भु यादव**

सिरहा, २४ वैशाख। सिरहाको लहान नगरपालिकाका केही सामुदायिक विद्यालयहरूले अंग्रेजी माध्यममा पठनपाठन सुरु गरेपछि विद्यार्थीहरूको आकर्षण ह्वात्तै बढेको छ। निजी विद्यालयमा अध्ययनरत आफ्ना बालबालिकालाई निकालेर अभिभावकहरूले सामुदायिक विद्यालयमा भर्ना गराउन थालेका छन्। लहान नगरपालिकाको थप आर्थिक सहयोगमा पहिलो चरणमा वडा नं. ३ को ललकु माध्यमिक विद्यालय, वडा नं. १२ को मावि पडरिया थारुटोल, वडा नं. १ को पशुपति माध्यमिक विद्यालय र वडा नं. १४ को बस्तीपुर माध्यमिक विद्यालयमा अंग्रेजी माध्यममा पढाइ सुरु गरिएको हो।

आगामी शैक्षिक सत्रदेखि वडा नं. २४ को लेखनाथ माध्यमिक विद्यालय र वडा नं. १५ को ढोढना माध्यमिक विद्यालयमा पनि अंग्रेजी माध्यम लागू गर्ने नगरपालिकाको योजना रहेको नगरप्रमुख महेश चौधरीले जानकारी दिए। 'समयको माग र अभिभावकको चाहनाअनुसार अंग्रेजी माध्यम सुरु गरिएको हो तर नेपाली माध्यमको पढाइ पनि निरन्तर नै छ,' नगर प्रमुख चौधरीले भने, 'नगरपालिकाभरि हाल ५९ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा छन्।'

विद्यार्थी संख्याको चाप हेर्दा, मावि थारुटोलमा अंग्रेजी माध्यममा ४५० र नेपाली माध्यममा ७०० विद्यार्थी अध्ययनरत छन्। त्यस्तै, ललकु माविमा अंग्रेजी माध्यममा १ हजार र नेपाली माध्यममा १ हजार ४ सय विद्यार्थी छन्। भर्ना लिनुअघि विद्यालयले प्रवेश परीक्षा लिने गरेको छ। मावि पडरियाका प्रधानाध्यापक मनोज यादवका अनुसार हाल तोकिएको कोटाभन्दा बढी विद्यार्थी

-बाँकी दुई पेजमा

## वीरगन्जमा कबुलियत गराएर भन्सार जाँचपास थालियो

पर्सा, २४ वैशाख। मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान भित्रिने वीरगञ्ज भन्सार कार्यालयको जाँचपास प्रक्रिया फेरि सञ्चालनमा आएको छ। भन्सार विन्दुमा आउने वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्दा झण्डै एक साता रोकिएको भन्सार जाँचपास प्रक्रिया आयातकर्ताले वस्तु तथा सामानको (अधिकतम खुद्रा मूल्य) आफैं घोषणा गर्नुपर्ने र गोदाममा पुऱ्याएर एमआरपी तोक्नुपर्ने कबुलियत गरेसँगै फेरि सञ्चालनमा आएको हो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले भन्सारमा आयातकर्ताले एमआरपी घोषणा गर्नुपर्ने र गोदाममा समान पुऱ्याएपछि एमआरपी लगाएर मात्रै बजारमा पठाउने कबुलियत गरेपछि मात्रै बुधबारदेखि जाँचपास प्रक्रिया अघि बढेको बताए। "हामी भन्सार जाँचपासको प्रक्रिया गराउन तम्तयार थियौँ। तर, आयातकर्ता भन्सार जाँचपास गर्न्रे फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो", उनले भने, "अहिले केही समयका लागि कबुलियत गराएर भन्सार जाँचपास गराउन आयातकर्ता तयार भएका छन्।"

यही वैशाख १५ गतेदेखि २२ गतेसम्म आयात तथा निर्यातकर्ता

-बाँकी दुई पेजमा

## सिरहाको छोटी भन्सार बन्द गर्ने सरकारी निर्णयको विरोधमा हुलाकीमार्ग अवरुद्ध

**सुरेश राय**

सिरहा, २४ वैशाख। सिरहाको बरियारपट्टीमा रहेको छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारी निर्णयको विरोधमा स्थानीयवासी तथा व्यापारी आन्दोलनमा उत्रिएका छन्। आन्दोलनका कारण हुलाकीमार्ग अवरुद्ध हुँदा सवारी आवतजावत प्रभावित बनेको छ। नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो। उक्त



निर्णयप्रति असन्तुष्टि जनाउँदै स्थानीयवासीले बरियारपट्टी गाउँपालिका-३ स्थित बरियारपट्टी चोकमा प्रदर्शन गरेका हुन्।

प्रदर्शनकारीहरूले सडकको बीचभागमा बेन्च राखेर बिहान करिब ८:३० बजेदेखि हुलाकी मार्ग अवरुद्ध गरेका छन्। आन्दोलनका कारण पूर्व-पश्चिम आवागमन प्रभावित भएको स्थानीयले बताएका छन्। आन्दोलनरत पक्षले बरियारपट्टी छोटी भन्सार कार्यालय पुनः सञ्चालन गर्नुपर्ने माग गर्दै सरकारको निर्णय तत्काल फिर्ता लिन आग्रह गरेका छन्। स्थानीयका अनुसार भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्ने भएकाले आन्दोलन गर्न बाध्य भएको हो।

यता, जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी तथा प्रवक्ता रमेशबहादुर पालले आन्दोलनकारीसँग वार्ता तथा समन्वय भइरहेको जानकारी दिएका छन्। उनले अवरुद्ध सडक खुलाउने प्रयास जारी रहेको बताए। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठक स्वयं

-बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812


**जातीय भेदभाव उन्मूलन गरौं।**

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।
- जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## संस्थागत निरन्तरतालाई प्राथमिकता देऊ !

राजनीतिक परिवर्तन लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर, चुनाव जित्नका लागि निर्माण गरिएको 'विगतका सबै खराब' भन्ने भाष्य सरकार गठनपछि पनि निरन्तर बोकेर हिँड्नु शासन सञ्चालनका दृष्टिले घातक हुन सक्छ। लोकतन्त्रमा सरकारहरू परिवर्तन हुन्छन्, तर राज्य एउटा अविच्छिन्न उत्तराधिकार बोकेको संस्था हो। नयाँ सरकारले लोकप्रिय हुने लोभमा अघिल्ला सरकारका सबै कामलाई निषेध गर्ने बाटो रोज्यो भने त्यसले देशलाई प्रशासनिक र राजनीतिक अस्थिरतातर्फ धकेल्न सक्छ। दुर्घटनाबाट जोगिए पनि राष्ट्रले ठूलो समय, स्रोत र जनविश्वास गुमाउनुपर्ने हुन्छ।

नेपालको शासन–प्रशासनमा संस्थागत निरन्तरताको संस्कार अझ बलियो बन्न सकेको छैन। शासकहरूको असहिष्णु प्रवृत्तिका कारण अघिल्लो सरकारले गरेका राम्रा कामसमेत बेवारिस हुने वा फेरि शून्यबाट सुरु गर्ने प्रवृत्ति व्यापक छ। स्रोतसाधन सीमित भएको मुलुकका लागि यस्तो अभ्यास हानिकारक हुन्छ। खारेजीमा परेको भूमि समस्या समाधान आयोग यसको ज्वलन्त उदाहरण हो। विघटित आयोगले गरेका कामलाई नयाँ सरकारले आवश्यक परीक्षण र सुधारसहित निरन्तरता दिनु बुद्धिमानी हुनेछ। वर्षौंदेखि जोतभोग गर्दै आएका वास्तविक सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीका लागि लालपुर्जा वितरणको अन्तिम तयारी भइरहेका कामलाई राजनीतिक आग्रहका आधारमा रोक्नु न्यायोचित हुँदैन।

प्रमाण र प्रक्रिया पुनः रुजु गर्नु स्वाभाविक हो। तर, सम्पूर्ण कामलाई खारेज गर्दा जनतामा राज्यप्रति निराशा र आक्रोश बढ्छ। उस्तै प्रकृतिका केहीले लालपुर्जा पाउने र केही वञ्चित हुने अवस्था झन् अन्यायपूर्ण हुन्छ। अन्यायले आक्रोश जन्माउँछ, आक्रोशले अस्थिरता। यो तथ्य सत्तामा भएकाहरूले बुझ्नैपर्छ। नेपालले विगतमा पनि सरकार र राज्यबीचको भिन्नता नबुझ्दा ठूलो नोक्सानी बेहोरेको छ। सुकुमबासी समस्या नै यसको सबैभन्दा ज्वलन्त उदाहरण हो। सुकुमबासी आयोगहरू बनाउने र विघटन गर्ने गरिएकै दशकौं हुँदा पनि समस्या सल्टिएको छैन।

वैयक्तिक वा दलगत स्वार्थलाई राष्ट्रहितभन्दा माथि राख्ने प्रवृत्तिले विकासका धेरै प्रयास अधुरै बने। अहिलेको सरकारले पनि उही गल्ती दोहोऱ्याउने हो भने त्यो परिवर्तन होइन, परिवर्तनकै उपहास हुनेछ। प्रशासनिक संयन्त्रलाई स्थायी सरकार भनिनुको कारण नै संस्थागत निरन्तरता हो। राज्यका निकायहरूमा अभिलेख, अनुभव र नीतिगत धरोहर जोगाइराख्ने संस्कार विकास हुनुपर्छ। विकसित मुलुकहरूमा सरकार परिवर्तन भए पनि दीर्घकालीन राष्ट्रिय योजना र आधारभूत प्रशासनिक कामहरू निरन्तर अगाडि बढिरहन्छन्। यही अभ्यासले शासनलाई स्थिर र विश्वसनीय बनाउँछ।

त्यसैले सरकारले आवेगमा होइन, विवेकमा आधारित निर्णय गर्नुपर्छ। भूमिहीन समस्यामात्र होइन राष्ट्रिय महत्त्वका अन्य विषयमा पनि पहिले भएका कामको निष्पक्ष समीक्षा गरी आवश्यक सुधारसहित निरन्तरता दिनु नै बुद्धिमानी हुनेछ। राष्ट्र निर्माण प्रतिशोधबाट होइन संस्थागत निरन्तरताबाट सम्भव हुन्छ।

### *अंग्रेजी माध्यममा...*

आएका कारण भर्ना नै रोक्नुपर्ने अवस्था सिर्जना भएको छ।

'सामुदायिक विद्यालयप्रति गुम्दै गएको अभिभावकको विश्वास पुनः जागृत भएको छ,' प्रधानाध्यापक यादवले भने, 'अभिभावककै मागअनुसार अंग्रेजी माध्यम सुरु गरिएको हो, जसमा नगरपालिकाले आर्थिक सहायता र स्वयंसेवक शिक्षक उपलब्ध गराएर सहयोग गरेको छ।' उनले उदाहरणका रूपमा आफ्नी छोरीलाई समेत निजी विद्यालयबाट हटाएर आफ्नै विद्यालयमा भर्ना गराएका छन्। विद्यालयले अंग्रेजी माध्यमका विद्यार्थीबाट कक्षाअनुसारको न्यूनतम शुल्क लिने गरेको छ।

अभिभावक अनिलकुमार चौधरीले निजी विद्यालयको तुलनामा निकै कम खर्चमा गुणस्तरीय अंग्रेजी माध्यमको शिक्षा पाइने भएकाले छोरीलाई सामुदायिक विद्यालयमा भर्ना गराएको बताए। 'विद्यालयको अवस्था फेरिएको छ र पढाइ पनि राम्रो छ भन्ने सुनेपछि यहाँ नामाकंन गराएको हुँ,' उनले भने।

हाल विद्यालयहरूमा पुस्तकालय, कम्प्युटर ल्याब र स्मार्ट बोर्डमार्फत पढाउने व्यवस्था मिलाइएको छ। यदि विद्यालयले छात्रावास, यातायात र चमेना गृहको समेत उचित व्यवस्थापन गर्न सके विद्यार्थीको आकर्षण अझै बढ्ने अभिभावकहरूको सुझाव छ।

### *सिरहाको छोटी ...*

घटनास्थलमा खटिएको जनाइएको छ। प्रदर्शनमा बजार व्यवस्थापन समिति अध्यक्ष अम्बेय कुमार यादव, सुखीपुर उद्योग व्यापार समिति सचिव सञ्जय कुमार यादव, वडा अध्यक्ष विनोद यादवलगायत स्थानीयवासीको सहभागिता थियो।

# विश्वकप क्रिकेटका लागि नेपालको सशक्त दाबेदारी

**राजु सिलवाल**

काठमाडौँ, २४ वैशाख। नेपाली पुरुष राष्ट्रिय क्रिकेट टिमले 'टि ट्वाण्टी' विश्वकपमा सहभागी भए लगत्तै अर्को विश्वकपमा छनोटका लागि दाबेदारी प्रस्तुत गर्ने क्रम जारी राखेको छ। सन् २०२७ मा दक्षिण अफ्रिका, जिम्बाबे तथा नामेबियाको संयुक्त आयोजनामा आइसिसी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको १४औँ संस्करण आयोजना हुँदैछ। सोही प्रतियोगितामा प्रवेशका लागि काठमाडौँमा भएको छनोट प्रतिस्पर्धामा नेपालले खेलेका कूल चार खेलमध्ये तीन खेलमा विजय हासिल गर्दै विश्वकप सहभागिताको सम्भावनाको ढोका खोल्ने प्रयास गरेको हो। उक्त विश्वकप लिग–२ अन्तर्गत त्रिकोणात्मक शृङ्खलामा नेपालले हासिल गरेको नतिजालाई उत्साहजनक मानिएको छ।

नेपाल, ओमान र संयुक्त अरब इमिरेटस (युएई) बीच भएको ५० ओभरको ओडिआई फर्म्याटको उक्त शृङ्खलामा नेपालले युएईलाई दुवै खेलमा हराएको थियो। त्यस्तै पहिलो खेलको पराजयको बदला लिँदै ओमानलाई विश्वकप लिग २ को १०३औँ खेलमा ८१ रनको विशाल अन्तरले पराजित गर्दै नेपालले शृङ्खलाको प्रतिस्पर्धा टुङ्ग्याएको थियो। सन्तुलित प्रदर्शन नै नेपालको विजयको मुख्य कारण बन्न पुग्यो। नेपालको ब्याटिङको तुलनामा कसिलो बलिङ उल्लेखनीय थियो। त्यस्तै नेपाली टिमको फिल्डिङ पक्ष पनि प्रशंसायोग्य थियो। नेपाल टिमको मङ्गलबारको विजयमा आशिफ शेखको ९४ रन तथा गुलसन झाको ५ विकेटको महत्वपूर्ण योगदान रहेको थियो। यसअघि काठमाडौँमै भएको अभ्यास खेलमा पनि 'नेपाल ए' टिमले ओमानको राष्ट्रिय टोलीलाई एक सय १५ रनले हराएर मनोबल उच्च बनाएको थियो।

विश्वकप लिग–२ मा सहभागी रहेका आठ टोलीमध्ये शीर्ष स्थानमा पुग्ने चार टोली विश्वकपमा छनोट हुने व्यवस्था रहेको छ। त्यसपछि परेका अन्य चार टिमले भने विश्वकप छनोटका लागि 'प्ले–अफ' प्रतियोगिता खेल्नु पर्नेछ। नेपालले विश्वकप छनोटका लागि हालसम्म खेलेका २४ खेलमध्ये आठ वटामा जितेर समूहको अङ्क तालिकामा सातौं स्थानमा रहेको छ। नेपालले १४ वटा खेलमा पराजय भोगिसकेको छ।

नेपालको हालसम्म कूल अङ्क १८ रहेको छ। आठ मुलुकका टिमको उक्त समूहमा अमेरिका ३६ अङ्कसहित शिर्ष स्थानमा रहेको छ। त्यसपछि स्कटल्याण्ड ३४, ओमान ३१ र नेदरल्याण्ड्स् २६ अङ्कसहित शिर्ष चारमा रहेका छन्। नेपालले अङ्क तालिकामा तेस्रो स्थानमा रहेको टिम ओमानलाई पराजित गर्नु महत्वपूर्ण उपलब्धि मानिएको छ। नेपालले विश्वकप छनोटकै सिलसिलामा फेरि आफ्नै गृह मैदानमा दाबेदार रहेका अन्य दुई टिमसँग खेल्ने अवसर पाउने भएको छ। नेपाल यही वैशाख २९ गते र जेठ ४ गते काठमाडौँमा स्कटल्याण्डसँग प्रतिस्पर्धा गर्दैछ भने जेठ २ गते र ८ गते अमेरिकासँग खेल्ने कार्यक्रम रहेको छ। ती प्रतिस्पर्धा यसपटक सम्पन्न खेलहरूभन्दा केही कठिन हुने आँकलन गरिएको छ।

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ एक दिवसीय अन्तर्राष्ट्रिय ( ओडिआई) प्रतियोगिता हो, जसलाई आगामी सन् २०२७ मा आयोजना हुने विश्वकप क्रिकेट प्रतियोगिताका छनोटको दोस्रो तहको आधार मानिएको छ। उक्त प्रतियोगितामा इण्टरनेशनल क्रिकेट काउन्सिलका आठ एशोशिएट राष्ट्रका टिमहरूले विश्वकप छनोटका लागि प्रतिस्पर्धा गर्दैछन्, जसमा ती टिमले २४ त्रिदेशीय शृङ्खला खेलिरहेका छन्। यसअन्तर्गत प्रत्येक टोलीले ३६ वटा एक दिवसीय खेल खेल्नु पर्नेछ। सन् २०२६ भरि नै यी खेल हुने कार्यक्रम रहेकोले हाल सातौं स्थानमा रहेको नेपाल माथिल्लो स्थानमा उक्लन सक्ने सम्भावना अझै रहेको छ।

**दीपेन्द्रको दुःखेसो**

विगत केही समयदेखि नेपाली क्रिकेट टिमका खेलहरू मुलुकभित्र वा मुलुक बाहिर भएको बखत पनि नेपाली दर्शकहरूको उपस्थिति उल्लेखनीय रुपमा हुँदै आइरहेको छ तर यसपालि कीर्तिपुरमा खेल हेर्न नेपाली दर्शकहरू उपस्थिति कमि भएकामा नेपाली टिमका उपकप्तान दिपेन्द्रसिंह ऐरीले गुनासो नै व्यक्त गरेका थिए। उपकप्तान ऐरीले विगत जस्तै यसपटक पनि सशक्त खेल प्रदर्शन गरेका थिए। उनले युएई विरुद्ध लिएको शतक यसपालिको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ। यसअघि अमेरिका, भारतलगायतका मुलुकमा नेपाली टिमको खेल हुँदा नेपाली दर्शकहरूको उपस्थिति अन्तर्राष्ट्रियस्तरमै चर्चित हुन पुगेको थियो। तर यसपासल फ्लड लाइटको प्रकाशमा सञ्चालन गरिएको खेलमा समेत दर्शकहरूको उपस्थितिमा कमि आएपछि उपकप्तान ऐरी खुसी देखिएनन्।

नेपाली टिमका खेलाडीहरूले यसपाली खेल हेर्न बढी दर्शकहरू आउने अपेक्षा गरेका थिए। धेरै दर्शक रङ्गशाला आएमा खेलाडीहरूलाई हौसला मिल्ने उपकप्तान ऐरीको धारणा रहेको छ। नेपालको धेरैजसो प्रतिस्पर्धा युएई, ओमान जस्ता मुलुकहरूसँग भएकाले पनि यसपटक दर्शकहरू घटेको अनुमान गरिएको छ। यस्तै नेपाली खेलाडीहरूको प्रदर्शन अपेक्षा गरिए जस्तो नहुनु जस्ता कारणले पनि दर्शकहरूको उपस्थितिमा कमी आएको हो। हरेक क्रिकेट प्रतियोगिता काठमाडौँमै केन्द्रीत नगरेर उपत्यका बाहिरसमेत आयोजना गर्न सकिएमा दर्शक सङ्ख्या बढाउन सकिने सम्भावनालाई पनि नकार्न सकिदैन।

**सन्दिपको सफलता**

ओमान विरुद्धको अन्तिम खेलमा अन्तिम विकेट लिन सफल नेपाली लेगस्पिनर सन्दिप लामिछानेले यसपालि सबैजसो खेलमा विकेट लिएर आफ्नो खेल कौशल प्रदर्शन गरेका थिए। विश्वस्तरीय क्रिकेटमै आफ्नो पहिचान बनाउन सफल लामिछाने क्रिकेट खेलाडीहरूको विश्व बरियताक्रममा छलाङ मार्न समेत सफल भएका छन्। उनले 'टि ट्वाण्टी' अन्तर्राष्ट्रियमा २५औँ स्थान तथा एकदिवसीय अन्तर्राष्ट्रियमा तीन स्थान सुधार गरेका छन्। उनी 'टि ट्वाण्टी' आईको बलिङ बरियतामा ५३औँ स्थान उक्लिन सफल भएका छन् भने ओडिआई बरियतामा ५८औँ स्थानमा पुगेका छन्। उनको नाममा अर्को नयाँ कीर्तिमान कायम हुनु मुलुककै क्रिकेट इतिहासमा थप उपलब्धि मान्न सकिन्छ। उनले विश्वकप लिग २ अन्तर्गत १०० विकेट लिएर पहिलो बलर बन्ने सौभाग्य प्राप्त गरेका छन्। उनले विश्वकप लिग २ मा सतक कटाउने पहिलो बलर बनेर इतिहास रचेका छन्। अन्तरराष्ट्रिय एक दिवसीय क्रिकेटमा कम खेलमै धेरै विकेट लिने नेपाली बलरहरूमा उनी अग्रणी खेलाडी हुन्। अन्तरराष्ट्रिय फ्रेन्चाइज क्रिकेटमार्फत नेपाललाई विश्व क्रिकेटमा चिनाउने लामिछाने इण्डियन प्रिमियर लिगमा खेल्ने पहिलो नेपाली खेलाडी हुन्। विभिन्न अन्तरराष्ट्रिय 'टि ट्वाण्टी' लिगहरूमा उनले व्यावसायिक खेलाडीका रुपमा खेलिसकेका छन्। यसपालीको प्रतियोगितामा लयमा देखिएका लामिछानेले नयाँ कीर्तिमान कायम गरेपछि सामाजिक सञ्जालमा सबै क्रिकेटप्रेमीहरूप्रति आभार प्रकट गर्दै आफू भविश्यमा नेपाल र नेपाली जनताहरूलाई गौरवान्वित बनाउन प्रयासरत रहने धारणा व्यक्त गरेका थिए।

**पाका खेलाडीको पुनरागमन**

यसपाली नेपालका मुख्य प्रशिक्षक स्टुवार्ट लले पुराना अनुभवी खेलाडीलाई समेत पुन टिममा भित्र्याएर राम्रो मूल्याङ्कन गरेका छन्। आवश्यकताअनुसार बेलाबेलामा खेलाडीहरूको फेरबदल गर्नाले टिमलाई मजबुत बनाउन सहयोग पुग्न जानेछ। नेपाली राष्ट्रिय टिममा सबैभन्दा पाका खेलाडी बनेर विनोद भण्डारीको पुनरागमन हुनु प्रशिक्षकको उचित मूल्याङ्कन मान्न सकिन्छ। खेलाडी भण्डारीको ३६ वर्षको उमेर नेपाली राष्ट्रिय टिममा पुनरागमन भएको हो। उनले नेपालको तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आफ्नो सहभागिता जनाइसकेका छन्। पछिल्लोपटक दुई वर्षअघि राष्ट्रिय टिमबाट खेलेका उनले घरेलु प्रतियोगिताहरूमा भने निरन्तरता दिइरहेका थिए।

**अर्जुनको डेब्यु**

नेपाली टिममा लामो समयदेखि सिमित खेलाडीहरूको बर्चस्व भएको आरोप खेप्दै आइरहेको नेपाल क्रिकेट सङ्घ क्यानले आइसिसी विश्वकप लिग २ को सिलसिलामा भरपर्दा खेलाडीका रुपमा स्थापित हुनसक्ने सम्भावना भएका अर्जुन कुमाललाई डेब्यु गराएको छ। २० वर्षिय ब्याटसम्यान कुमाललाई युएई बिरुध्दको खेलमा कप्तान रोहित पौडेलले डेब्यु क्याप दिएर राष्ट्रिय टिममा स्वागत गरेका थिए। हालै पिएम कम क्रिकेट प्रतियोगितामा सर्वाधिक पाँच सय चार रन बनाएर उनले आफ्नो खेल क्षमता प्रदर्शन गरेका थिए। उनले यसअघि यु१९ राष्ट्रिय टिमबाट मुलुकको लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरिसकेका थिए। ओमान विरुद्धको खेलमा खेलाडी कुमारले दोस्रो विकेटका लागि आशिफ शेखसँग गरेको १२३ रनको साझेदारी महत्वपूर्ण रह्यो।

**रङ्गशाला सुरक्षित**

कीर्तिपुरस्थित क्रिकेट रंगशाला नवीकरण होला कि नहोला भनेर क्रिकेटप्रेमीहरू अन्योलमा रहिरहेको बेला त्रिभुवन विश्वविद्यालयले क्यानलाई क्रिकेट रङ्गशालाको जग्गा ३५ दिनभित्र खाली गरिदिन पठाएको पत्रले झन चिन्ता थपेको थियो। तर अब खेलकुद मन्त्रालयको समेत कार्यभार सम्हाल्नुभएका नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले कीर्तिपुर क्रिकेट मैदान नभत्काइने जानकारी दिनु भएपछि अन्योल समाप्त भएको छ। त्रिभुवन विश्वविद्यालय र क्रिकेट क्यानबीच नयाँ सम्झौता गरिने भएको छ। गतवर्ष मात्र पुनःनिर्माण गरिएको कीर्तिपुर रङ्गशालामा करिब १० हजार दर्शक बस्नका लागि सिटको व्यवस्था गरिनुका साथै राति पनि खेल सञ्चालनका लागि पहिलोपटक फ्लड लाइट जडान गरिएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदै आइरहेका छन्।

**महिला टिम पनि पछ्याउँदै**

नेपालमा पुरुष क्रिकेट टिमको व्यस्तता र सफलतालाई महिला टिमले पनि पछ्याइरहेका छन्। पछिल्लो पटक रुवाण्डामा सम्पन्न 'आइसिसी ओमन्स टि ट्वाण्टी' अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टिम दोस्रो भएर आफ्नो सक्षमता प्रमाणित गरेको छ। अन्तिम खेलमा नेपालले इटलीलाई आठ विकेटको विशाल अन्तरले पराजित गरेको थियो। नेपालले यसअघि पनि इटलीलाई हराएको थियो। नेपाली महिला टिमको अर्को महत्वपूर्ण सफलता भनेको रुवाण्डालाई उनीहरूकै गृहमैदानमा दुई पटक हराउन सफल भएको थियो। प्रतियोगिताको उपाधि विजेता अमेरिकासँग नेपाल दुबै खेलमा हारेको थियो। नेपाल भानुआटुसँग एक खेलमा हारेको थियो भने एक खेलमा पराजित गर्न सफल भएको थियो।

**अन्त्यमा,**

विश्वकप लिग २ मा नेपाली टिमले हालसम्म हासिल गरेको नतिजा उत्साहप्रद नै भएता पनि सन्तोष मान्नुपर्ने अवस्था भैसकेको छैन। नेपालको अझै थुप्रै प्रतिस्पर्धा बाँकी छन्। आगामी विश्वकप जस्तो प्रतिष्ठित प्रतियोगितामा नेपालको प्रतिनिधित्व सुनिश्चित गराउन क्यानले विशेष योजनासहित अघि बढ्नुपर्ने देखिएको छ। नेपाली क्रिकेट खेलाडीहरूले लगातार घरेलु

–बाँकी तीन पेजमा

### विश्वकप क्रिकेटका...

तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै आएता पनि तत्काल विश्राम पाउने अवस्था रहेको छैन। यसरी क्रिकेट खेलाडीहरूको अनवरत मेहनत तथा व्यस्ततासँग मुलुकको प्रतिष्ठा पनि गासिएको छ। मुलुकको प्रतिनिधित्व गर्दै यी खेलाडीहरूले विभिन्न प्रतियोगितामा जितेका उपाधिहरूवापत सरकारले प्रतिबद्धता व्यक्त गरे अनुसारको आर्थिक पुरस्कार समयमै उपलब्ध गराउन प्राथमिकता दिनु पर्दछ। नेपालबाट खेलाडीहरू वर्षेनी विदेशमा पलायन भइरहेको वर्तमान अवस्थामा सरकारले मुलुकमा खेलेर पनि बाँच्न सकिने अवस्था सुनिश्चित गर्ने यथोचित कार्यक्रम ल्याउन अब ढिलो गर्न नहुने महसुस गरिएको छ।

नेपालमा अहिले विगतको तुलनामा क्रिकेटमा अहिले लगानी बढिरहेको छ। केन्द्रदेखि स्थानीय तहसम्म क्रिकेटमा गतिविधि बढदै गएकाले यस्तो वातावरण बन्दै गएको मान्न सकिन्छ। क्रिकेटप्रति बढ्दै गएको आकर्षणलाई अझ व्यवस्थित गर्न नेपाल क्रिकेट सङ्घलगायत विभिन्न तहका पदाधिकारीहरू लागिपर्नुपर्ने हुन्छ। नेपालमा यस वर्ष पनि थुप्रै विभिन्न घरेलु क्रिकेट प्रतियोगिता आयोजना हुँदैछ। यसैक्रममा नेपालमा व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा सफल मानिएको नेपाल प्रिमियर लिगको सिजन ३ को घोषणा छिटै गरिने भएको छ। व्यावसायिक क्रिकेटको विकासका लागि नै आगामी जेठ ९ गतेदेखि सुनसरीमा कोशी प्राइड लिग क्रिकेट प्रतियोगिता सुरु हुँदैछ। खेलाडीहरूको स्तर निर्धारण गरी पारिश्रमिक दिइने उक्त प्रतियोगिताको तेस्रो संस्करण निजी क्षेत्रको सक्रियतामा हुन लागेको हो। यसमा सहभागी प्रत्येक टिमले राष्ट्रिय टिमबाट तीन खेलाडीलाई खेलाउन पाउने नियम रहेको छ। नेपाल क्रिकेट सङ्घको यही वैशाख २७ र २८ गते विराटनगरमा आयोजना हुने वार्षिक साधारणसभाले सन् २०२६ को वार्षिक कार्ययोजना तथा बजेट पारित गर्दैछ। नेपालको क्रिकेटलाई समयोचित विकास गर्नका लागि स्कूलदेखि नै प्रशिक्षण सञ्चालन गर्नु जरुरी भइसकेको छ।

### वीरगन्जमा...

भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका थिएनन्। यस कारणले भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढेको थियो। सूचना अधिकारी विष्टले बुधबार मात्रै करिब रु ७५ करोड बराबरको भन्सार राजस्व संकलन भएको बताए।

"अहिले भन्सार जाँचपासको प्रक्रिया अघि बढिरहेको छ", उनले भने। वीरगञ्ज भन्सार कार्यालयले दैनिक रु ५० करोडदेखि रु ६० करोडसम्म राजस्व संकलन गर्दै आएको छ। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले अहिलेको अवस्थामा एमआरपीको विषयमा अस्थायी समाधान मात्रै भएको बताए।

# मागअनुसार मल आपूर्ति नहुँदा मधेसका किसान चिन्तित

**नवीन प्रियदर्शी**

जनकपुरधाम, २४ वैशाख। प्रत्येक वर्ष खेती गर्ने समयमा किसानले रासायनिक मलको अभाव झेल्नुपर्ने बाध्यता निम्तिन्छ। समयमै मल आपूर्ति नहुँदा किसानले सिजनमै मलको अभाव सामना गर्नुपर्ने नियति छ। यतिबेला मकै बालीका लागि रासायनिक मल आवश्यक पर्छ। केही महिनामै धान खेतीका लागि पनि मलको जोहो गर्नुपर्ने बाध्यतामा किसान छन्।



अन्न उत्पादनको दृष्टिले महत्त्वपूर्ण मानिको मधेस प्रदेशमै रासायनिक मलको अभाव बढ्न थालेको छ। रासायनिक मल, भरपर्दो सिँचाइ र उन्नत बीउको सहज उपलब्धता नहुँदा कृषि उत्पादनमा ह्रास आउने कृषकको भनाइ छ। 'एकातिर सरकारले कृषिको उत्पादन र उत्पादकत्वलाई प्राथमिकता दिएका छौं भन्छ, तर अर्कोतर्फ कृषकलाई चाहिने मल समयमै उपलब्ध गराउन सक्दैन,' धनुषाका किसान रामप्रसाद साहले भने।चैते धान, मकै र उखुका लागि समयमा मल नपाउँदा मधेसका किसान निराश बनेका छन्। सर्लाहीको नवलपुरका किसान अशोक झाले बजारमा मलको अभावसँगै कालोबजारी बढेको गुनासो गरे। समयमै मल नपाउँदा उखु रोप्न नसकिएको उनले बताए।

धनुषाको नगराइन नगरपालिका निवासी ज्योतिष चन्द्र झाले पनि गत वर्षझैं यस वर्ष पनि मल अभाव दोहोरिएको बताए। 'मलको चरम अभाव छ। कालोबजारी पनि बढेको छ,' उनले भने, 'अघिल्ला वर्षहरूमा हामी सीमा पारीबाट मल ल्याएर केही व्यवस्थापन गर्थ्यौं, तर सीमा क्षेत्रमा कडाइ बढेपछि यस वर्ष झन् समस्या बढेको छ।' किसानहरूले समयमै मल आपूर्ति सुनिश्चित गर्न सरकारलाई आग्रहसमेत गरेका छन्।

रोपाइँ गर्ने समय आउन लाग्दा सरकारको अनुदानको मल बिक्री वितरण गर्दै आएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधाममा मधेसका लागि डीएपी र युरिया मलको मौज्दात आवश्यकता बमोजिम छैन। एक पटक रासायनिक मल प्रयोग गरिसकेको खेतमा अर्को पटक रासायनिक मल प्रयोग नगर्दा धान, गहुँ लगायतका बालीको उत्पादकत्व निकै कम हुने गरेको किसान बताउँछन्। त्यसैले खेती गर्दा रासायनिक मल प्रयोग गर्नैपर्ने वाध्यता रहेको उनीहरूको भनाइ छ।

मधेस प्रदेशका लागि चाहिने मलको अनुपातमा कम उपलब्ध भएकाले अहिले मलको अभाव देखिएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेस प्रदेशका बाली विकास अधिकृत रविन बस्नेतले बताए। उनले भने, 'मलको परिपूर्तिका लागि सोझै खरिद गर्ने अवस्था नरहेकाले साल्ट ट्रेडिङ र कृषि सामग्री मार्फत औपचारिक/अनौपचारिक सम्पर्क गर्दा बाहिरबाट आउने सम्भावन न्यून रहेको खबर पाएका छौं।' संघीय मन्त्रालयबाट वैकल्पित उपाय अपनाउन भनिएकाले सोही अनुसार काम अगाडि बढाएको उनको भनाइ छ।

कृषि सामग्री कम्पनी लिमिटेड मधेस प्रदेश वीरगंजका सूचना अधिकारी दिनेश शर्माका अनुसार मुलुकका लागि जति रासायनिक मल चाहिएको छ, सो अनुसार आपूर्ति हुन नसक्दा अभाव बढेको हो। उनले भने, 'माग र आपूर्ति समान छैन। मुलुकका लागि १७ देखि १८ लाख मेट्रिक टन मलको आवश्यकता छ, तर सरकारले ३ देखि ४ लाख मेट्रिक टन रासायनिक मलमात्र ल्याउन सकेकाले अभाव सिर्जना हुँदै आएको छ।'

शर्माका अनुसार पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण खरिद गरिएको सामान पनि रोकिएको अवस्था छ। यद्यपि पटक–पटक युरिया मल ल्याइएकाले यस वर्ष युरिया मलको अभाव हुने छैन, डीएपी मलको अभाव देखिन सक्ने उनको भनाइ छ। कृषि सामग्री प्रादेशिक कार्यालयको साउन १ देखि चैत ३० गतेसम्मको आवधिक तथ्याङ्क अनुसार युरिया मल २७ हजार ४३१ मेट्रिक टन, डीएपी १० हजार २१५ मेट्रिक टन, पोटास ४ हजार ७५८ मेट्रिक टन, चुन ५२ मेट्रिक टन लगायत अन्य मल गरी जम्मा ४२ हजार ६२८ मेट्रिक टन मल स्टक छ।

# उजाड बगरबाट पर्यटक गन्तव्य बनेको श्रम संस्कृति पार्क

**संगीता राई**

सुनसरी, २४ वैशाख। धरान उपमहानगरपालिका–१३ र २० को सिमानामा रहेको श्रम संस्कृति पार्क पछिल्लो समय आन्तरिक तथा बाहय पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। केही वर्ष अघिसम्म उजाड र सुनसान जङ्गलका रूपमा रहेको उक्त क्षेत्र श्रमदानमार्फत विकास गरिएपछि हाल लोकप्रिय पर्यटन गन्तव्यका रूपमा परिचित बनेको हो। विशेष गरी पार्कभित्र बनाइएको आकर्षक पानीको फोहरा (वाटर फाउन्टेन) ले धेरैलाई आकर्षित गरिरहेको छ।



सिराहाको धनगढीमाई नगरपालिकाबाट यहाँ घुम्न आउनुभएका हरिनारायण चौधरीले धरान धेरैपटक आए पनि उक्त पार्क पहिलोपटक घुम्दा निकै रमाइलो लागेको बताउनुभएको थियो। "सामाजिक सञ्जालमा देखेको र सुनेको थिएँ, यसपटक यही आएर हेर्दा निकै रमाइलो लाग्यो। निकै सुन्दर प्राकृतिक पार्क रहेछ भन्ने अनुभूति भयो", उहाँले भन्नुभयो, "धरानका अन्य स्थान पनि घुम्ने योजना थियो, तर यहाँको वातावरणले अन्त जाने मन लागेन।"

चौधरीले प्राकृतिक संरचनाको संरक्षण र सौन्दर्यकरण गर्न सके यस्ता बगर क्षेत्रसमेत उत्कृष्ट पर्यटन गन्तव्य बन्न सक्ने सन्देश यस पार्कले दिएको बताउनुभयो। "श्रमदानबाट निर्माण गरिएको यस्तो पार्कले नयाँ अनुभूति दिलाएको छ। चारैतिर फूल, चौतारा र हरियालीले सजिएको देख्दा निकै राम्रो लागेको छ। यसबाट देशका अरू क्षेत्रले पनि सिक्नुपर्छ", उहाँले भन्नुभयो। पहिले 'ओशो पार्क', बिपी पार्कका रूपमा चिनिने उक्त क्षेत्र हाल 'श्रम संस्कृति पार्क' नामले परिचित छ। श्रमदान अभियानमार्फत विकास गरिएको यस पार्क आसपासमा दर्जनौं सानाठूला पार्क निर्माण भएका छन्। एसडिबी पार्क, रक गार्डेन, चिल्ड्रेन पार्क, ज्येष्ठ नागरिक पार्कलगायत संरचना यहाँ रहेका छन्। साथै, गोर्खाली भूपू लाहुरेहरूले निर्माण गरेको 'गोर्खा चौतारी' समेत पर्यटकको अर्को आकर्षण स्थल बनेको छ।

पार्क क्षेत्रमा हरियाली वातावरणसँगै विभिन्न प्रजातिका फलफूल तथा बोटबिरुवाले ढाकिएका बगैंचाले आगन्तुकलाई आकर्षित गर्ने गरेको छ। पार्कभित्र स्थानीय जनजीवन झल्काउने प्रतिमा राखिएका छन्, जसले पर्यटकको ध्यान तान्ने गरेको छ। सर्दु, खर्दु र निसाने खोलाको बगर क्षेत्रमा निर्माण गरिएको पार्कमा फलफूलका बिरुवा, विश्रामस्थलका रूपमा चौतारा तथा आकर्षक बगैंचा निर्माण गरिएका छन्। साथै, धरानको पहिचान झल्काउने काठ काट्ने आराको नमूना तथा किरात संस्कृतिसँग सम्बन्धित चिन्डोको आकृतिमा धारा निर्माण गरिएको छ। विभिन्न दाताले आफ्ना आफन्तको सम्झनामा बस्न मिल्ने संरचनाहरू निर्माण गरिदिएका छन्।

यसले आन्तरिक तथा बाहय पर्यटक भित्र्याउन सजिलो भएको छ। झापाबाट साथीहरूसहित घुम्न आउनुभएका जयन्ती जिमीले पार्कको तीव्र विकास भएको देख्दा खुसी महसुस भएको बताउनुभयो। "एकै स्थानमा श्रमदानमार्फत विभिन्न संरचना निर्माण गरिएकाले पार्क निकै आकर्षक बनेको छ", उहाँले भन्नुभयो, "पाँच/छ वर्षअघि पहिलोपटक आउँदा चारैतिर जङ्गल, झाडी र खोला मात्र देखेको थिएँ, यसपटक त परिवर्तन गरेर चारैतिर फूल, चौतारा र हरियाली रहेछ। निकै खुसी र रमाइलो लाग्यो।"

पार्क निर्माणसँगै आसपास क्षेत्रमा होटल तथा खाजा पसलको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। स्थानीय होटल व्यवसायी सुरज गुरुङका अनुसार पार्क बनेपछि व्यापारमा उल्लेख्य वृद्धि भएको छ। "पहिले बगर छेउमा चारपाँचवटा मात्र खाजा घर थिए, अहिले दुई दर्जनभन्दा बढी सञ्चालनमा आएका छन्", उहाँले भन्नुभयो।

दैनिक सयौं पर्यटक धरान, पाँचथर, तेह्रथुम, धनकुटा, इटहरी, मोरङ, झापालगायत जिल्लाबाट तथा विदेशबाट समेत आउने गरेका छन्। "एकै स्थानमा धेरै आकर्षक पार्क भएकाले बिहान आएका पर्यटक दिनभर यहीं बिताउने गरेका छन्", गुरुङले भन्नुभयो। पार्क संरक्षण समितिका अध्यक्ष पुनेन्द्रप्रसाद लिम्बूका अनुसार उक्त स्थान पहिले पैदलमार्गका रूपमा मात्र प्रयोग हुँदै आएको थियो। हाल दैनिक पाँच सयदेखि एक हजारसम्म पर्यटक आउने गरेका छन् भने बिदाका दिनमा पाँच हजारसम्म पर्यटक आउने गरेको उहाँले बताउनुभयो।

धरान उपमहानगरपालिकाका तत्कालिन प्रमुख हर्कराज राई (साम्पाङ)को नेतृत्वमा सुरु भएको श्रमदान अभियानबाट उक्त क्षेत्रको विकास गरिएको हो। स्वदेश तथा विदेशमा रहेका सहयोगी

# मधेशका मुख्यमन्त्रीले निजी सचिवालयमा १० जना राखेपछि कर्मचारीले रोके तलब

**मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले भने, 'तलब खुवाइयो भने कर्मचारी जिम्मेवार हुनुपर्छ। भोलि फस्ने डर छ। त्यसकारण त्यो फाइल अड्केको हो।'**



जनकपुर, २४ वैशाख। मधेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले निजी सचिवालयमा १० जना नियुक्ति गरेपछि कर्मचारीले तलब नै रोकिदिएका छन्। यादव १९ मंसिरमा मुख्यमन्त्री बनेपछि आफ्नो सचिवालयमा स्वकीय सचिव, कम्युटर अपरेटर, सवारीचालक र कास लगायत १० जना नियुक्त गरेका थिए। मुख्यमन्त्री कार्यालय स्रोतका अनुसार सचिवालयमा स्वकीय अधिकृतमा कमलदेव यादव, कम्युटर अपरेटरमा महेश्वर चौधरी, चालकमा दिवस दुलाल, कार्यालय सहयोगीमा विद्यालाल राउत, संजितकुमार यादवलगायत १० जना नियुक्त छन्।

मधेश प्रदेशको मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा स्वकीय सचिवसहित १४ जनासम्म मुख्यमन्त्रीले सचिवालयमा राख्न सक्छन्। तर जेनजी आन्दोलन पश्चात नेपाल सरकारको ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तीनै तहको सरकारले गर्नुपर्ने खर्च कटौतीबारे निर्णय गरेको थियो। नेपाल सरकारको अर्थ मन्त्रालयले ७ असोजमा तीनै तहको सरकारलाई गरेको परिपत्रको बुँदा नम्बर ५ को (ट) मा 'नेपाल सरकार, प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीनजना मात्र नियुक्त गर्न सक्ने' उल्लेख छ।

तर, मुख्मयन्त्रीले १० जना सचिवालयमा राखेपछि मुख्यमन्त्री कार्यालयका कर्मचारीले उनीहरूलाई तलब खुवाउन मानेका छैनन्। मुख्यमन्त्री यादवले करिब २ महिना अगाडि तलब खुवाउन फाइल लेखाशाखामा पठाएका थिए। तर, तीनजना भन्दा बढीको तलब खुवाउन नमिल्ने कर्मचारीले अडान लिएका छन्। 'संघीय सरकारले सचिवालयमा तीनजना भन्दा बढी नियुक्त गर्न नपाइने परिपत्र गरेको छ। हाम्रो मुख्यमन्त्रीजीले १० जना नियुक्त गर्नु भएको छ। यो संघीय सरकारको परिपत्र विपरीत हो,' एक कर्मचारीले भने, 'तलब खुवाइयो भने कर्मचारी जिम्मेवार हुनुपर्छ। भोलि फस्ने डर छ। त्यसकारण त्यो फाइल अड्केको हो।'

केही दिनअघि मुख्यमन्त्री यादवले सञ्चारकर्मीसँगको भेटघाटमा आफ्नो सचिवालयका कर्मचारीले अहिलेसम्म तलबभत्ता खान नपाएको गुनासो गरेका थिए।

# नवयुवा रोजगारी माग्न आउँछन्, आश्वासनबाहेक केही दिन सकेनौँ : मन्त्री यादव



काठमाडौं, २४ वैशाख। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले नवयुवालाई सरकारले रोजगारी दिन नसकेको बताउनुभएको छ। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आजको बैठकमा उहाँले नवयुवा आन्दोलनमा घाइते भएका युवाहरू रोजगारीको माग लिएर मन्त्रालयमा लगातार आउने गरेको भए पनि आश्वासन दिएर मात्रै पठाउने काम भएको बताउनुभएको हो।

मन्त्री यादवका अनुसार मन्त्रालयमा दैनिक हजारभन्दा धेरै युवा रोजगारी माग्न आउने गरेका छन्। उहाँले आउँदो आर्थिक वर्षको बजेटमा घाइतेहरूलाई सीपमूलक तालिम दिने योजना राखिएको भए पनि रोजगारीको ग्यारेन्टी गर्न नसकिने बताउनुभयो। उहाँले भन्नुभयो, 'मन्त्रालयमा रोजगार नाम जोडिएकोले नवयुवा रोजगारी माग्न आउनुहुन्छ। २-३ दिनमा ३ हजार हाराहारीमा हामीलाई रोजगार चाहियो भन्दै आउनुभएको छ। अब हामीले रोजगार कसरी दिने ? हामीले सीप दिएर रोजगारीका लागि जोडिदिने हो। आश्वासनबाहेक हामीले केही पनि गर्न सकेनौँ। आन्तरिक रोजगारमा समस्या छ।'

यादवका अनुसार राष्ट्रिय रोजगार कार्यक्रमको बजेटमा भारी कटौती भएको छ। पहिले १३ अर्ब रुपैयाँको बजेट अहिले घटेर १ अर्ब २० करोडमा सीमित भएको उहाँको गुनासो छ। देशभर अधिकतम १७ हजार जनालाई मात्रै १०० दिनको रोजगारी दिन सकिने उहाँको भनाइ छ। मन्त्री यादवले सीपमूलक तालिम आयोजना गरेर निजी क्षेत्रसँग रोजगारीका लागी समन्वय गर्ने गरी काम अगाडि बढाएको उल्लेख गर्नुभयो।

# सर्वोच्च अदालतका न्यायाधीश शर्मा प्रधानन्यायाधीशमा सिफारिस

**६ वैशाख २०७६ मा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त शर्मा संसदीय सुनुवाइबाट अनुमोदन भएमा पुरै कार्यकाल अर्थात् ६ वर्ष प्रधानन्यायाधीश रहनेछन्।**



काठमाडौं, २४ वैशाख। सर्वोच्च अदालतका न्यायाधीश डा. मनोज शर्मा प्रधानन्यायाधीशमा सिफारिस भएका छन्। न्यायपरिषद्को बिहीबारको बैठकले प्रस्तावित प्रधानन्यायाधीशमा शर्माको नाम अघि सारेको हो। नेपालको न्यायिक इतिहासमा वरिष्ठतम् न्यायाधीशको साटो रोलक्रमको चौथो क्रममा रहेका न्यायाधीश प्रधानन्यायाधीशमा सिफारिस भएको यो पहिलो घटना हो। संसदीय सुनुवाइ समितिले नाम अनुमोदन गरेमा उनी ३३ औं प्रधानन्यायाधीश बन्नेछन्।

६ वैशाख २०७६ मा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त शर्मा संसदीय सुनुवाइबाट अनुमोदन भएमा पुरै कार्यकाल अर्थात् ६ वर्ष प्रधानन्यायाधीश रहनेछन्। कामू प्रधानन्यायाधीश सपना प्रधान मल्लसहित वरिष्ठतम् न्यायाधीश कुमार रेग्मी र हरि फुयाललाई छाडेर चौथो वरियताक्रममा रहेका शर्मालाई संवैधानिक परिषद्ले प्रधानन्यायाधीशमा प्रस्ताव गरेको हो। ४ असार, २०२७ सालमा पर्सामा जन्मिएका शर्मा ३ असार, २०९२ सालमा मात्रै ६५ वर्ष पुग्नेछन्। प्रजातन्त्रको पुनर्स्थापनापछि कुनैपनि प्रधानन्यायाधीशले ६ वर्षे कार्यकाल पूरा गरेका छैनन्। ६ वर्षे कायकाल पूरा गर्दा उनी वैशाख, २०८९ सम्म प्रधानन्यायाधीश रहनेछन्।

नेपाल ल क्याम्पसमा कानुनमा स्नातक र भारतको पुने विश्वविद्यालयमा कानुनमा स्नातकोत्तर गरेका उनले श्रम कानूनसँग सम्बन्धित विषयमा विद्यावारिधि गरेका छन्। उनी पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशमा नियुक्त भएर अस्थायी न्यायाधीशको व्यवस्था हटाएपछि अवकाश भएका थिए। पछि चोलेन्द्रशम्सेर जबरा प्रधानन्यायाधीश भएका बेलामा उनी सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भइ संसदीय सुनुवाइ प्रक्रियाबाट अनुमोदन भएका हुन्।

# अर्गानिक खेतीतर्फ महोत्तरीका किसानको बढ्दो आकर्षण

**अजय शाह**



महोत्तरी, २३ वैशाख। महोत्तरी जिल्लाको उत्तरवर्ती क्षेत्रमा किसानहरू अर्गानिक खेतीतर्फ आकर्षित हुन थालेका छन्। सघन तरकारी खेती हुने बर्दिवास, गौशाला, औरही, रामगोपालपुर र भंगहा नगरपालिकाका दर्जनौँ गाउँबस्तीका किसानले विषादी र रासायनिक मलको प्रयोग घटाउँदै प्राङ्गारिक खेतीलाई प्राथमिकता दिन थालेका हुन्। तरकारी, तेलहन र उखुजस्ता नगदेबाली उत्पादन हुने यस क्षेत्रमा परम्परागत खनजोत र प्राङ्गारिक मलको प्रयोगबाटै सन्तोषजनक उत्पादन हुन थालेको किसानहरूको भनाइ छ।विषादीयुक्त तरकारीले जनस्वास्थ्यमा नकारात्मक असर पार्न थालेपछी आफूहरूले यसको प्रयोग छाडेको गौशाला-३ नवराजपुरका किसान दिपेन्द्र महतोले बताउनुभयो।

किसानका अनुसार झारपतिङ्गर, घरायसी फोहोर, ढैंचा तथा गाईवस्तुको गोबर र बाख्राको लेरी प्रयोग गरी सजिलै प्राङ्गारिक मल तयार गर्न सकिन्छ। यस्तो मलले माटोको उर्वराशक्ति कायम राख्ने र वर्षेनी मलको मात्रा घटाउँदै लैजान सकिने भएकाले प्रभावकारी रहेको अर्का किसान रामबाबु महतोले जानकारी दिनुभयो। रासायनिक मल अभाव, गुणस्तरमा अनिश्चितता र बढ्दो परनिर्भरता जस्ता समस्याबाट बच्न पनि किसान अर्गानिक खेतीतर्फ उन्मुख भएको बताइएको छ। बालीमा लाग्ने रोग तथा किराको नियन्त्रणका लागि गाईको गहुँत, खरानी र पानी प्रयोग गर्ने विधि प्रभावकारी देखिएको बर्दिवास-१२ पशुपतिनगरका किसान अमृत महतो (भोला)ले बताउनुभयो।

किसानका अनुसार अर्गानिक उत्पादन स्वादिलो हुनुका साथै उपभोक्ताको रोजाइमा पर्न थालेको छ। २०७६ साल देखि सुरु गरिएको यस अभ्यासमा प्रारम्भिक वर्ष उत्पादन केही कम भए पनि पछिल्ला वर्षमा उत्पादन क्रमशः वृद्धि हुँदै गएको उनीहरूको अनुभव छ। अर्गानिक उत्पादन बजारमा पुगेपछि तत्काल बिक्री हुने गरेको बर्दिवास-१० का किसान हरिबहादुर बलम्पाकीले बताउनुभयो। उपभोक्तासमेत अर्गानिक उत्पादन चिन्न सक्ने भएका छन्।

यस्ता उत्पादन प्राकृतिक आकार र रङ्गका हुने भएकाले पहिचान गर्न सजिलो हुने बर्दिवास-१ की उपभोक्ता सरिता अधिकारीको भनाइ छ। यस क्षेत्रमा अर्गानिक खेतीप्रति बढ्दो आकर्षणलाई राज्यले सहयोग गरे उत्पादनको गुणस्तर र बजार विस्तारमा थप टेवा पुग्ने सामाजिक संघसंस्था, व्यवसायी तथा स्वास्थ्य क्षेत्रका विज्ञहरूले बताएका छन्। यसैबीच, अर्गानिक मलको कारोबार गर्दै आएका औरही-२ का दिनेश यादवका अनुसार पछिल्ला दुई वर्षयता किसानको आकर्षण बढेसँगै उत्तरी क्षेत्रमा अर्गानिक मलको माग उल्लेख्य रूपमा बढेको छ।

कृषि प्राविधिक ममता घिमिरेका अनुसार प्रारम्भिक चरणमा लागत केही बढी लागे पनि क्रमशः मलको आवश्यकता घट्दै जाने भएकाले अर्गानिक खेती दीर्घकालीन रूपमा कम लागत र लाभदायी हुने गर्छ। किसान र उपभोक्तामा यसको महत्वबारे चेतना बढ्दै जाँदा अर्गानिक खेती विस्तार हुँदै गएको उहाँको भनाइ छ।

# सबै सरकारी बैंकका अध्यक्षले दिए राजीनामा

काठमाडौं, २४ वैशाख। सरकारी लगानी भएका सबै बैंकका अध्यक्षले पदबाट राजीनामा दिएका छन्। सरकारको सार्वजनिक संस्थामा राजनीतिक नियुक्ति लिएका व्यक्तिलाई बर्खास्त गरेपछि बैंकका अध्यक्षहरूले राजीनामा दिएका हुन्। अर्थ मन्त्रालय स्रोतका अनुसार राष्ट्रिय वाणिज्य बैंक अध्यक्ष सहित सबै सञ्चालकले राजीनामा दिएका हुन्। त्यसैगरी कृषि विकास बैंक र नेपाल बैंकमा भने अध्यक्षले मात्र राजीनामा दिएका छन्।

राष्ट्रिय वाणिज्य बैंकको अध्यक्षमा नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक देवकुमार ढकाल थिए। त्यसैगरी सञ्चालकमा थानप्रसाद पँगेनी, लक्ष्मण घिमिरे, प्रा. डा. रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, डा. सूर्यबहादुर राना र हरिकुमार सिलवाल थिए। त्यसैगरी कृषि विकास बैंक अध्यक्षमा डिमप्रसाद पौडेल थिए भने नेपाल बैंकमा प्रा. डा. डिल्लीराज शर्मा थिए।

सरकारले सार्वजनिक पदमा राजनीतिक नियुक्ति लिएकालाई पदमुक्त गर्न ल्याएको अध्यादेशले नेपाल राष्ट्र बैंक तथा सरकारी बैंकहरूको हकमा बाध्यकारी गरेको थिएन। तर, पनि ती बैंकका अध्यक्ष तथा सञ्चालकले सरकारको नीति समर्थन गर्दै राजीनामा दिएका हुन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)